जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २२५ पृष्ठः ४ | २०८२ पुस १४ सोमबार (Monday 29 Dec. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सुखीपुरमा प्रेम विवाह विवादले झडप, केटा पक्षका एकजनालाई भेन्टिलेटरमा राखेर उपचार हुँदै



**मिथिलेश यादव**

लहान, १३ पुस। सिरहाको सुखीपुर नगरपालिका-६ खरहीटोलमा प्रेम विवाह प्रकरणलाई लिएर केटा-केटी पक्षबीच झडप भएको छ। झडपमा प्रेम विवाह गरेका राजकिशोर यादवका काका देवप्रसाद यादव गम्भीर घाइते भएका छन्। यादवको उपचार अहिले विराटनगरको गोल्डेन अस्पतालमा भेन्टिलेटरमा राखेर भइरहेको छ। पीडित पक्षका अनुसार उनलाई टाउकोसहित शरीरका विभिन्न भागमा घरेलु हतियारले चोट लागेको छ।

यसैगरी, राजकिशोरका बुबा शिवकुमार यादव पनि घाइते भएका छन्। घटना दुई वर्षअघि सुरु भएको प्रेम विवाहसँग सम्बन्धित छ। राजकिशोरले गाउँकै रामकरण यादवको छोरीसँग प्रेम विवाह गरेका थिए र विवाह पछि अहिलेसम्म उनीहरू गाउँ फर्केका छैनन्। परिवारका अनुसार गाउँ फर्कन नपाउने कारण डर रहेको छ। शुक्रबार विहान करिब १०-११ बजे केटीपक्षले घरेलु धारिलो हतियारसहित हुल बनाएर केटा पक्षमाथि आक्रमण गरेको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएको छ। स्थानीयका अनुसार, प्रेम विवाह गरेका केटा पक्ष आर्थिक रूपमा कमजोर छन् भने केटी पक्ष आर्थिक र राजनीतिक रूपमा बलियो छ। विवाहपछि उनीहरूको एक बच्चा समेत भएको छ।

घटनापछि घरमा रहेका परिवारका सदस्यहरू त्रसित भएका छन्। पीडित पक्षले प्रहरी-प्रशासनलाई गुहार्दा पनि ढिलाइ भएको गुनासो गरेका छन्। जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी रमेशबहादुर पालका

-बाँकी अन्तिम पेजमा

## दाउरा बेचेर गुजारा गर्दै बिपन्न समुदाय



**शिवशंकर मिश्रा**

बारा, १३ पुस। जाडो मौसम बढेपछि बाराको कोल्हवी नगरपालिका र करैयामाइ गाउँपालिकाका ग्रामीण भेगका गरिब तथा विपन्न समुदाय दैनिक जीविकोपार्जनका लागि दाउरा बिक्रीमा निर्भर हुन थालेका छन्। अत्यधिक चिसो, कुहिरो र शीतलहरबिच बिहानैदेखि जंगल तथा सामुदायिक क्षेत्रबाट दाउरा संकलन गरी साइकलमा बोकेर बिक्री गर्न बजार लग्ने गरेका छन्। स्थानीय बजार, चोक र टोलमा दाउरा बोकेका साइकलको लाम देखिनु यहाँका लागि सामान्य हो। वैकल्पिक रोजगारीको अभाव, बढ्दो महँगीका कारण गरिब परिवारका सदस्यहरु चिसोको पर्वाह नगरी स्थानीय जंगलबाट दाउरा संकलन गरी बिक्री गर्ने गरेका छन्। यसरी संकलन गरिएका दाउरा छसयदेखि हजार रुपियाँसम्म दाउराको भारी बिक्री गर्नेगरेको कोल्हवी नगरपालिका -१० बेल्वाका सुमन चौधरीको भनाइ छ।

दाउरा बिक्रीबाट आएको थोरै

-बाँकी तीन पेजमा

## समावेशी समाजको प्रवर्द्धन: सामाजिक उन्नतिको संवर्द्धन

- सबैको समान अधिकार सुनिश्चित गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी र सेवासुविधामा पहुँच बढाऔं।
- भौतिक संरचना, यातायात र सार्वजनिक स्थानहरू अपाङ्गतामैत्री बनाऔं।
- सूचना र प्रविधि सबैका लागि पहुँचयोग्य बनाऔं।
- समाजमा विद्यमान विभेद अन्त्य गर्न सचेतना अभिवृद्धि गरौं।
- अवसर र क्षमताका आधारमा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित गरौं।
- सुरक्षा, सम्मान र आत्मविश्वास बढाउने कार्यक्रम सञ्चालन गरौं।
- बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई विशेष प्राथमिकता दिऔं।
- परिवार, समुदाय र सहकार्यमार्फत समावेशी समाज निर्माण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## मधेसमा मन्त्रिमण्डल विस्तारमा किन भइरहेको छ ढिलाइ ?



जनकपुरधाम, १३ पुस। मधेस प्रदेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादवले गत पुस ४ गते प्रदेश सभाबाट विश्वासको मत लिइसक्दा पनि अहिलेसम्म मन्त्रिमण्डललाई पूर्णता दिन सकेका छैनन्। विश्वासको मत लिएको एक साताभन्दा बढी समय बितिसक्दा पनि सरकार अपूर्ण छ। सत्ता साझेदार दलहरूबिच मन्त्रालय बाँडफाँट टुङ्गिए पनि मन्त्री नियुक्तिमा ढिलाइ भइरहेको छ। हालको सहमतिअनुसार लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले शिक्षा तथा संस्कृति मन्त्रालय, जनमत पार्टीले अर्थ मन्त्रालय, नेपाली कांग्रेसले स्वास्थ्य मन्त्रालय, नेकपा ( माओवादी केन्द्र) ले ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय, नेकपा ( एकीकृत समाजवादी) ले उद्योग तथा वाणिज्य तथा पर्यटन मन्त्रालय पाएका छन् भने जनता समाजवादी पार्टी (जसपा) ले सभामुख पद पाएको छ।

यद्यपि मन्त्रालयको बाँडफाँट स्पष्ट भएपनि मन्त्रिमण्डलको पूर्णता अझै हुन सकेको छैन। यस विषयमा नेपाली कांग्रेसका प्रमुख सचेतक कुमारकान्त झाले सरकारलाई पूर्णता अझै केही दिन लाग्ने छ। दलहरूबिच आन्तरिक छलफल र आवश्यक प्रक्रिया बाँकी रहेकाले केही समय लाग्ने उनको भनाइ छ। यसैबिच नेकपा एमालेका संसदीय दलका नेता तथा निवर्तमान मुख्यमन्त्री सरोज यादवले सरकारले ढिलाइ नगरी तुरुन्त मन्त्रिमण्डल विस्तार गर्नुपर्ने बताएका छन्। उनले मन्त्रिमण्डल अपूर्ण रहँदा प्रदेश सरकार कमजोर देखिएको टिप्पणी गर्दै मधेस प्रदेशका जनतालाई समस्या नहोस् भन्नेमा सरकार गम्भीर हुनुपर्ने बताए। "सरकारले अब ढिलाइ गर्नु हुँदैन। तुरुन्त मन्त्रिमण्डललाई पूर्णता दिएर काममा अघि बढ्नुपर्छ," यादवले भने, "मन्त्रिमण्डल पूर्ण नहुनु सरकारको कमजोरी हो।"

यता नेकपा माओवादीका नेता युवराज भट्टराईले मन्त्रालय बाँडफाँडको कुरा भइसकेको र मुख्यमन्त्री काठमाडौँबाट फिर्ता भएसँगै सरकार विस्तार हुने उनको भनाइ छ। प्राप्त जानकारी अनुसार मुख्यमन्त्री कृष्णप्रसाद यादव आसन्न निर्वाचनको उम्मेदवार छनोट प्रक्रियामा व्यस्त रहेकाले सरकार विस्तारमा ढिलाइ भइरहेको बताइएको छ। मन्त्रिमण्डल गठनमा भइरहेको ढिलाइले प्रशासनिक कामकाज र नीतिगत निर्णयमा असर पर्न सक्ने भन्दै सरोकारवालाहरूले चिन्ता व्यक्त गर्न थालेका छन्। विश्वासको मतपछि पनि सरकार पूर्ण रूपमा क्रियाशील हुन नसक्दा मधेस प्रदेशमा राजनीतिक अस्थिरताको सन्देश गएको उनीहरूको बुझाइ छ।




GUPTA BROTHER'S AUTO TRADE Mirchaiya, 033-550744 | 9801552812

# सम्पादकीय

## सामाजिक सुरक्षालाई आकर्षक र व्यापक बनाऊ

'योगदानमा आधारित सामाजिक सुरक्षा' सम्भवतः नेपालजस्तो आर्थिक सामाजिक अवस्थामा रहेको समाजमा सीमान्त गरिबीमा रहेका जनतालाई समेत लाभ पुग्ने कार्यक्रम हो। तर, यसको कार्यान्वयन भने उत्साहप्रद देखिँदैन। मूलतः यसको विस्तार र आकर्षण दुवै कमजोर रहिआएको छ। नेपाल सरकारले विसं २०७६ मा नै योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा रकम संकलन अभियानको रूपमा आरम्भ गरेको थियो। पछिल्लो तथ्याङ्क अनुसार देशको झन्डै ४४ लाख श्रमशक्ति अनौपचारिक क्षेत्रमा रहे पनि कोषमा भने १ हजार ४६९ जनामात्र आबद्ध भएका छन्।

वैदेशिक रोजगारीमा रहेका श्रमिकको आबद्धता अपेक्षितरूपमा ठीकै रहे पनि स्वदेशकै अनौपचारिक र स्वरोजगार श्रमिकलाई समेट्नेतर्फ भने राज्य विफल देखियो। व्यापक कल्याणकारी सञ्जाल नभएको मुलुकमा समेत सामाजिक सुरक्षा कोषमा आकर्षण बढाउन नसक्नुका कारणहरू गम्भीरतापूर्वक खोजिनु आवश्यक देखिन्छ। सम्भवतः यस अभियानमा रहेको अन्योल र अलमलको एउटा कारण योगदान रकमको बाँडफाँटमा तीन तहका सरकारको भूमिकाको अस्पष्टता हो। अनौपचारिक क्षेत्रका श्रमिकको तर्फबाट राज्यले व्यहोर्नुपर्ने ९.३७ प्रतिशत रकम संघ, प्रदेश वा स्थानीय तह कस्ले कति व्यहोर्ने भन्ने स्पष्ट नहुनुले मूलतः स्थानीय तह अलमलमा परेको हुनसक्छ।

एकातिर स्थानीय तहसँग सीमित स्रोत हुनु र अर्कोतिर संघीय सरकारबाट स्पष्ट अनुदान नआउनुले श्रमिकको सूचीकरण कार्य नै ओझेलमा परेको छ। काठमाडौँजस्ता सहरी क्षेत्रमा त झन् अस्थायी श्रमिकहरूको सामाजिक सुरक्षा स्थानीय सरकारको प्राथमिकतामै पर्दैन। सामाजिक सुरक्षा कोषको प्रभावकारिता बढाउन राज्यले बजेटमार्फत नै सरकारको योगदानको ढाँचा स्पष्ट पार्नुपर्छ। यस अभियानको सफलताका लागि स्थानीय तहलाई यसको मेरुदण्ड बनाउनुपर्छ भने त्यसका लागि संघीय सरकारले विशेष अनुदानको व्यवस्था गर्नुपर्छ।

राज्यको व्ययभारलाई पनि व्यवस्थित गर्दै लैजान राज्यले वितरण गर्दै आएको सामाजिक सहायता (विभिन्न भत्ताहरू) र योगदानमा आधारित सामाजिक सुरक्षालाई एकीकृत गर्नेतर्फ पनि ध्यान दिनु आवश्यक देखिन्छ। राज्यको ढुकुटीबाट कसैले दोहोरो तेहोरो सुविधा पाउने र अधिकांश नागरिक सुरक्षा जालोबाट बाहिरै रहने अवस्था अन्याय हो। योगदानमा आधारित सामाजिक सुरक्षा कोष आरम्भ भएकै ६ वर्ष पूरा भइसकेकाले अब परीक्षणको चरण समाप्त भइसकेको छ। यसैले कोषमा सबैलाई समेट्ने र विधि र प्रक्रिया सहज तथा आकर्षक बनाउनेतर्फ ध्यान केन्द्रित गर्नु जरुरी देखिन्छ। श्रममन्त्रीकै सवारी चालक समेत कोषमा आबद्ध नहुनुले सरकारी उदासीनताको पराकाष्ठा देखाउँछ। सामाजिक सुरक्षा कागजमा देखिएर पुग्दैन। यसले श्रमिकको औषधि उपचार, दुर्घटना र अवकाशपछिको जीवनमा प्रत्यक्ष प्रभाव पार्न सक्नुपर्छ। श्रमिकले यसको लाभ प्रत्यक्ष देखेपछिमात्र यसप्रति आकर्षण बढ्नेछ।

तीनै तहका सरकारहरूले क्षेत्राधिकारको विवाद छोडेर श्रमिक जहाँ काम गर्छ त्यहीँको सरकारले सुरक्षा दिनु सिद्धान्त अपनाउनु व्यावहारिक हुनेछ। नीति र प्रशासनिक प्रक्रियागत गाँठो फुकाएर अनौपचारिक क्षेत्रका लाखौँ श्रमिकलाई कोषको छातामुनि ल्याउन सके सामाजिक सुरक्षामा मात्र होइन देशको आर्थिक सामाजिक विकासमा ठूलो योगदान हुनेछ। नै अहिलेको प्रमुख दायित्व हो।


## बिमालेख हराएको सूचना

२०८१ मंसिर ७ गते घर देखि जे.एस.मुरारका क्याम्पस जाने क्रममा मेरो निम्न ब्यहोरा भएको **लाइफ इन्स्यारेन्स कर्पोरेशन नेपाल लिमिटेड**को बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा सम्बन्धी व्यक्तिलाई बुझाई दिन हुन अनुरोध छ।

**नाम : उर्मिला देवी कापैर**
**ठेगाना : कल्याणपुर-१, अर्नमा (सिरहा)**
**बिमालेख नं. ६५१७००५५२**


# विकल्पको राजनीतिक इन्जिन : रवि लामिछाने




दिवस खनिया

नेपालको समकालीन राजनीतिमा हालै देखिएको एउटा दृश्य अत्यन्त प्रतीकात्मक छ। केही समयअघिसम्म कारागारमा रहेका रवि लामिछाने रिहाइपछि सडकमा स्वतःस्फूर्त जनसागरबिच उभिएका थिए। त्यो भीड कुनै दलको नियमित कार्यकर्ता मात्रै थिएन, न त कुनै सरकारी संयन्त्रबाट परिचालित जमात। त्यो दृश्यलाई राजनीतिक समाजशास्त्रको भाषामा 'वैधता पुनर्निर्माण' को क्षण भन्दा फरक नपर्ला। व्यक्तिगत विवाद, कानुनी प्रश्न र आलोचनाबिच पनि उनले अदालतको प्रक्रिया स्वीकार गरे। कानुनको शासनमाथि चुनौती दिएनन्। यही संयम र कानुनी मान्यताप्रतिको स्वीकृतिले उनको राजनीतिक इमानदारितामाथि उठाइएका धेरै प्रश्नहरूलाई पुनर्विचारको चरणमा पुर्‍याइदिएको छ। नेपाल जस्तो सङ्क्रमणकालीन लोकतन्त्रमा जहाँ कानुनलाई सुविधा अनुसार मोडिएको इतिहास छ। कानुनको सामना गरेर निस्किएको एउटा राजनीतिक पात्रले जनविश्वास पुनर्आर्जन गर्नु आफैमा असामान्य घटना हो।

नेपालको राजनीतिमा 'विकल्प' शब्द नयाँ होइन तर यसको प्रयोग पछिल्ला वर्षहरूमा असाधारण रूपमा बढेको छ। यो शब्द नारामा सीमित रहँदा जनतालाई क्षणिक उत्साह त दियो तर संस्थागत रूपान्तरण दिन सकेन। राजनीतिक अर्थशास्त्री एडम प्रजेवोर्स्कीले लोकतन्त्रलाई 'अनिश्चित परिणामसहितको सुनिश्चित प्रक्रिया' भनेका छन्। नेपालमा प्रक्रिया त निरन्तर चलिरह्यो तर परिणाम सधैँ उही अनुहार र उही संरचनामा सीमित रह्यो। ०४६, ०६२/६३, मधेस आन्दोलनदेखि संविधान निर्माणसम्मका सबै राजनीतिक उभारले परिवर्तनको आकांक्षा जन्माए तर त्यो आकांक्षा राज्य संरचनामा स्थायी रूपमा रूपान्तरण हुन सकेन। यही असफलता, यही दोहोरिएको निराशाले नै विकल्पको खोजीलाई केवल भावनात्मक होइन, संरचनात्मक आवश्यकता बनायो।

यही पृष्ठभूमिमा रवि लामिछानेको उदयलाई बुझ्नुपर्छ। उनी कुनै परम्परागत राजनीतिक प्रशिक्षण, विद्यार्थी राजनीति वा वंशाणुगत दल संरचनाबाट आएका नेता होइनन्। उनी मिडियाबाट आएका हुन्। म्याक्स वेबरले वर्णन गरेको 'करिश्म्याटिक लेजेटिमेसी' यस्तै अवस्थामा जन्मिन्छ, जब विद्यमान प्रणालीप्रति विश्वास खस्किन्छ र जनता असाधारण व्यक्तित्वतर्फ आकर्षित हुन्छन्। रवि लामिछाने त्यो करिश्माको उत्पादन मात्र होइनन्, निराश संस्थागत व्यवस्थाको प्रतिक्रिया पनि हुन्।

तथ्याङ्कहरूले यो करिश्मालाई पुष्टि गर्छन्। निर्वाचनमा देखिएको मतपरिणाम, परम्परागत संगठनबिना पनि भरिएका जनसभा, सामाजिक सञ्जालमा देखिएको निरन्तर संलग्नता र हालैको रिहाइपछिको जनउपस्थिति कुनै क्षणिक लोकप्रियताको परिणाम होइन। राजनीतिक विश्लेषक पिप्पा नोरिसले भनेझैँ, जब 'प्रतिनिधित्व अन्तर' बढ्छ, तब मतदाता वैकल्पिक आवाजतर्फ जान्छन्। नेपालमा त्यो अन्तर दशकौँदेखि बढ्दै गएको थियो र त्यसको केन्द्रमा रवि लामिछाने देखिएका छन्।

अन्तर्राष्ट्रिय अनुभव हेर्दा यो नयाँ भने होइन। डोनाल्ड ट्रम्प अमेरिकामा परम्परागत राजनीतिक प्रतिष्ठान विरुद्ध उभिए। इमानुएल म्याक्रों फ्रान्समा पुराना दल संरचनालाई छलेर उदाए। युक्रेनका भोलोदिमिर जेलिन्स्की मनोरञ्जन उद्योगबाट सिधै राष्ट्रपतिको कार्यालय पुगे। यी सबै उदाहरणमा एउटा साझा तत्त्व छन्र व्यक्ति संस्थाभन्दा अगाडि आए र व्यक्तिले संस्थालाई पुनर्संरचना गर्ने प्रयास गरे। राजनीतिक वैज्ञानिक फ्रान्सिस फुकुयामाले यसलाई अवसर र जोखिम दुवै भएको चरण भनेका छन्। अवसर किनकि पुराना संरचना हल्लिन्छन्, जोखिम किनकि संस्था कमजोर रह्यो भने व्यक्ति नै सर्वेसर्वा बन्न सक्छ।

रवि लामिछानेको जीवन विवादरहित छैन। उनले पनि बारम्बार स्वीकार गरेका छन् कि उनी त्रुटिरहित होइनन्। व्यक्तिगत जीवनका विवाद, नागरिकतासम्बन्धी प्रश्न, सहकारी सम्बन्धी मुद्दा आदि सबै उनका राजनीतिक यात्राका हिस्सा हुन्। तर यहाँ मूल प्रश्न निर्दोष वा दोषीको कानुनी फैसला होइन। सार्वजनिक जीवनमा ती विवादहरूको राजनीतिक अर्थ के हो भन्ने हो। उनले अदालतको सामना गरे, प्रक्रिया माने, धरौटीमा रिहाइपछि पनि न्याय प्रणालीलाई अस्वीकार गरेनन्। नेल्सन मण्डेला, भ्याक्लाभ हाभेल, यहाँसम्म कि आङ सान सुचीले पनि कुनै न कुनै चरणमा कारागारलाई राजनीतिक पुँजीमा रूपान्तरण गरेका थिए। इतिहासले देखाउँछ, कहिलेकाहीँ जेल लोकतान्त्रिक संघर्षको अन्तिम होइन नयाँ अध्यायको सुरुवात हुन्छ।

यहाँ राज्यसत्ता, न्यायालय र राजनीतिबिचको सम्बन्धबारे उठेको बहस पनि टार्न मिल्दैन। उनी जेलमा हुँदा र रिहा हुँदा देखिएको राजनीतिक वातावरणको भिन्नताले शक्ति संरचनाको अस्थिरता देखाउँछ। यो संयोग मात्र हो कि संरचनात्मक प्रभाव, त्यो बहस खुलै छ। तर यो लेखको उद्देश्य फैसला सुनाउनु होइन, यथार्थको जटिलता देखाउनु हो। अझ रोचक प्रश्न के हो भने किन कोही व्यक्ति जेलभित्र हुँदा पनि राजनीतिको केन्द्रमा रहन्छ तर कोही सत्ता केन्द्रमा हुँदा पनि जनताबाट टाढिँदै जान्छ ? गुस्ताभ ले बोनको भीड मनोविज्ञानले भीड भावनाले चल्ने बताउँछ तर नेपालको वर्तमान सन्दर्भमा देखिएको भीड केवल भावनात्मक छैन। त्यो लामो समयदेखि जम्मा भएको असन्तोष, अपमान र अवसर गुमेको अनुभूतिको सामूहिक अभिव्यक्ति हो।

बालुवाटारको सुरक्षा घेराभित्रको एक्लोपन र कारागारभित्रको जनसम्पर्कले यही विरोधाभास उजागर गर्छ। रवि लामिछानेले गरेको सबैभन्दा महत्त्वपूर्ण काम के हो भने, उज्ज्वल थापापछि केही सुस्ताएको वैकल्पिक राजनीतिक यात्रालाई उनले चुनावी ऊर्जामा रूपान्तरण गरे। यदि अघिल्लो निर्वाचनमा त्यो झट्का नआएको भए आज देखिएको जेनजीको राजनीतिक सक्रियता सम्भवतः यति तीव्र हुने थिएन। कसैले माने पनि नमाने पनि यथार्थ यही नै हो।

तर आजको चरणमा कुनै पनि राजनीतिक परियोजना एक्लै सम्भव छैन। रवि लामिछाने स्वयं पनि यो यात्राको गन्तव्यमा एक्लै पुग्न सक्दैनन्। कुलमान घिसिङको प्राविधिक विश्वसनीयता, बालेन शाहको सहरी शासनको अभ्यास, सुमना श्रेष्ठजस्ता बौद्धिक नेतृत्व र जेनजी अभियन्ताहरूको ऊर्जा, यी सबै अलग-अलग टापु बनेर होइन, साझा धार बनेर बग्नुपर्छ। समस्या प्रतिस्पर्धा होइन, सहकार्य नहुनु हो। धेरै खुद्रा पसल खोलेर होइन, साझा थोक पसल बनाएर मात्रै विकल्पको मूलधार बन्न सक्छ।

उनको रिहाइसँगै अब केही बहसहरू लगभग खारेज भएका छन्। उनलाई कार्यकारी भूमिकाबाट हटाएर मात्र विकल्प अघि बढ्छ भन्ने तर्कहरू कमजोर परेका छन्। बरु अब गुण र दोषसहित उनलाई स्वीकार गरेर अघि बढ्नुपर्ने दबाब सबै वैकल्पिक शक्तिमाथि परेको छ। यो दबाब रविमाथि मात्र होइन, उनीसँग सहकार्य गर्न चाहने वा नचाहने सबैमाथि हो।

अन्ततः उद्देश्य सत्ता प्राप्ति मात्र हुन हुँदैन। उद्देश्य सत्ता प्राप्त गरेर के गर्ने, किन गर्ने र कसरी गर्ने भन्ने बहस केन्द्रमा आउनुपर्छ। संविधान परिमार्जन, सेवा प्रवाह, नागरिकको दैनिकीमा प्रत्यक्ष सुधार, राज्यको जबाफदेहिता, यी विषयमा स्पष्ट योजना नआएसम्म विकल्प फेरि नारामै सीमित हुनेछ। हिजो राती मात्रै रवि लामिछाने र बालेन शाहबिच भएको ७ बुँदे सहमति वास्तवमै नयाँ वैकल्पिक धारको सुरुवातको महत्त्वपूर्ण पानीढलो हो भन्दा अत्युक्ति नहोला। यसले नयाँ बिहानीको स्पष्ट सङ्केत गरेको छ।

यसैले निष्कर्ष सरल तर गम्भीर छ। रवि लामिछाने न त सम्पूर्ण समाधान हुन्, न सम्पूर्ण समस्या। उनी एउटा राजनीतिक इन्जिन हुन्। इन्धन जनआकांक्षा हो र यात्रु वैकल्पिक शक्तिहरू हुन्। इन्जिन बिना रेल चल्दैन, तर इन्जिन मात्रै रेल होइन। आजको नेपाली राजनीतिलाई व्यक्ति र संस्था, भावना र नीति, विद्रोह र जिम्मेवारीबिचको सही सन्तुलन चाहिएको छ। यही सन्तुलन कायम गर्न सके विकल्प सम्भावनाबाट वास्तविकतामा रूपान्तरण हुनेछ, नत्र इतिहास फेरि दोहोरिनेछ।(लेखक अमेरिका निवासी पूर्वसञ्चारकर्मी हुन्) रातोपाटी

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# शीतलहरले कष्टकर बन्दै मधेसको जनजीवन

## विपन्न बस्तीमा न्यानो कपडाको अभाव



**नवीन प्रियदर्शी**

जनकपुरधाम, १३ पुस। महोत्तरीको बनौली टोलकी ६८ वर्षीया रामपडी दास अत्यधिक चिसोका कारण रातभर निदाउन सक्दिनन्। लगातार बढेको चिसो र बिहानपख चल्ने शीतलहरको सामना उनले परालको ओछ्यानमा पातलो कम्बलको भरमा गर्नुपर्छ। 'पातलो कम्बल छ, परालको ओछ्यान छ। घर चारैतिरबाट हावा चल्छ। जाडोले रातभर काँपिरहनुपर्छ, निद्रा लाग्दैन,' रामपडी भन्छिन्। ६५ वर्षीया बेचनी दास र ६३ वर्षीया रामरती दासको पनि अवस्था रामपडीकै जस्तो छ। चिसो सहन नसकेपछि उनीहरू कहिलेकाहीँ राति अरूको घरमा गएर आगो ताप्दै रात बिताउन बाध्य छन्। 'चिसोले निद्रा नलागेपछि अरूको ढोकामा गएर आगो ताप्छु। त्यसरी नै रात काट्छु,' रामपडी दुःख पोख्छिन्।

एक सातायता तराई–मधेसमा लगातार चिसो बढिरहेको छ। बिहानपख शीतलहर चल्छ। तापक्रम ह्वात्तै घटेपछि मधेसका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही लगायत जिल्लाका विपन्न बस्तीहरूमा बसोबास गर्ने विपन्नहरूको दैनिकी झनै कष्टकर बनेको छ। ओढ्ने र लगाउने न्यानो कपडाको अभावमा धेरै वृद्धवृद्धालाई चिसोले समस्या पारेको छ। रामपडी दास एकल महिला हुन्। उनको आ नै नाममा कुनै जमिन छैन। छिमेकीको जग्गामा टहरो बनाएर बसोबास गरिरहेकी छन्। उमेरले बुद्यौली लागेको छ, एउटा आँखाले राम्रोसँग देख्दिनन्। 'बेलाबखत छोरी आउँछे, सहयोग गर्छे,' उनी भन्छिन्, 'तर आफूसँग बुढेसकालको सहारा केही छैन।'

रामपडीले कहिलेकाहीँ त मागेरै गुजारा चलाउनुपर्छ। 'मागेर खान्छु। कुनै कुनै दिन भोकै सुत्नुपर्छ,' उनी भन्छिन्। बनौली टोलकी बेचनी दास पनि एक्लै बस्छिन्। उनका कोही सन्तान छैनन् भने श्रीमानको मृत्यु भइसकेको छ। 'जाडोले शरीर नै काँप्छ,' बेचनी भन्छिन्, 'काम गर्न सकिँदैन। चिसोले कतै जान पनि सकिँदैन,' उनी भन्छिन्।

**काम गरेर गुजारा, तर जाडोले काम पनि बन्द**

६३ वर्षीया रामरती दास कहिलेकाहीँ खेतबारीमा काम गरेर आ नो गुजारा चलाउने गर्थिन्। तर अत्यधिक चिसोका कारण अहिले काममा जान समेत सक्दिनन्। 'जाडोमा खेतबारीमा काम गर्न सकिँदैन,' उनी भन्छिन्, 'काम नपाएपछि पेट पाल्न झन् गाह्रो हुन्छ।' उनलाई कुनै बेला छिमेकीले खानेकुरा दिन्छन्। कहिलेकाहीँ अरूको घरमा गएर आगो ताप्छिन्। 'न न्यानो कपडा छ, न ओढ्ने कम्बल,' उनी भन्छिन्, 'गरिब मान्छे हौं, हाम्रो कोही छैन।'

**सरकारको राहत नपुगेको गुनासो**

रामरती दास भन्छिन्, 'सरकारले एउटा घर त बनाइदियो। तर जाडोमा के गर्ने ? आगो ताप्न दाउरा छैन, न्यानो कपडा छैन।' यति सुनाउँदा उनको आँखाबाट आँसु झरिरहेको थियो। 'मेरो कोही छैन। सरकारले हेर्दैन,' उनी गुनासो पोख्छिन्। महोत्तरीको बनौली टोलजस्तै मधेसका धेरै गाउँ–टोलमा बिहानपख चल्ने शीतलहरले बालबालिका, वृद्धवृद्धा र एकल महिलाको स्वास्थ्यमा गम्भीर असर पारिरहेको छ। बनौली–७ को तत्मा टोलका बस्ने समुदायका अगुवाहरू भन्छन्, 'यहाँ धेरै एकल महिला, वृद्धवृद्धा र अति विपन्न परिवार छन्। राहत मगाइदिनुस्,' उनीहरूले आग्रह गरे, 'नत्र यिनीहरू जाडोमै मर्छन्।'

पिपरा गाउँपालिकाका अध्यक्ष रामजानकी यादवले चिसोबाट प्रभावित व्यक्तिहरूलाई न्यानो कपडा र कम्बल वितरण गरिने आश्वासन दिए। 'यस्तो अवस्था हुनु हुँदैन। यदि विपन्न बस्तीमा समस्या छ भने हामी छिट्टै राहत बाँड्छौँ,' उनले भने। समयमै सरकार, स्थानीय तह र अन्य सरोकारवालाले ध्यान नदिए शीतलहर मधेसका लागि मानवीय विपत्तिमा रूपान्तरण हुने जोखिम बढ्न सक्छ।

# नेपालमा ७१ प्रतिशत नसर्ने रोगका बिरामी

जनकपुरधाम, १३ पुस। मधेस प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नेपालमा ७१ प्रतिशत नसर्ने रोगका बिरामी रहेका जनाएको छ। खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग जनकपुरद्वारा आज आयोजित 'नसर्ने रोगको न्यूनीकरणका लागि खानेपानीमा सुधार'सम्बन्धी जनचेतनामूलक कार्यक्रममा करिब ७१ प्रतिशतमा नसर्ने रोग देखिने गरेको जानकारी दिइएको हो। मन्त्रालयका स्वास्थ्य महाशाखा प्रमुख डा. विपिनकुमार झाद्वारा प्रस्तुत विवरण अनुसार नसर्ने रोगका बिरामीको संख्या दिनप्रतिदिन बढ्दै गएको छ। अहिले सर्नेभन्दा बढी नसर्ने रोगका बिरामी बढ्दै गएका उनले बताए।

नसर्नेमा मुख्य गरी मुटु रोग, मधुमेह, क्यान्सर, तथा दीर्घ श्वासप्रश्वासका बिरामी रहेका डा. झाले जानकारी दिए। उनले करिब ३० वर्ष अघि विश्व स्वास्थ्य सङ्गठनले नसर्ने रोगको समस्या जटिल हुने भएकाले त्यसबाट सचेत र सुरक्षित रहन आग्रह गरेको थियो। नसर्ने रोगको मुख्य कारण मिसावटयुक्त अखाद्य प्रदार्थको प्रयोग, प्रदूषित हावापानी तथा जथाभावी खानपिन, शारीरिक रूपमा निष्क्रिय दैनिकीलगायत रहेकाले त्यसबाट सुरक्षित रहन जीवनशैली र खानपिनको बानीमा सुधार ल्याउनुपर्नेमा डा झाले जोड दिए। मधेस प्रदेशमा पनि उक्त समस्या बढ्दै गएको उनको भनाइ छ।

कार्यक्रममा जनस्वास्थ्य कार्यालय धनुषाका प्रमुख उमेश यादवले स्वास्थ्य समस्या समाधानका लागि सरकारी तथा गैरसकारी निकाय हातोमालो गरेर अगाडि बढनुपर्नेमा जोड दिँदै बजेट कटौतीले आ नो कार्यालयले गुणस्तरीय सेवा दिन नसकेको गुनासो गरे। अहिले हृदयघात, मोटोपन, थाइराइड, महिलाको स्तन तथा पाठेघरको मुखको क्यान्सर, कलेजोको क्यान्सर, उच्च रक्तचापलगायत बिरामी अत्यधिक रहेकाले स्वास्थ्य सतर्कता अपनाउन उनले सबैलाई आग्रह गरे।

आर्युवेद अस्पताल धनुषाका प्रमुख डा रुद्रनारायण ठाकुरले नसर्ने रोगको उपचार तथा नियन्त्रणका लागि आर्युवेद औषधिको प्रयोगसँगै योग र ध्यान प्रभावकारी बन्ने धारणा राखे। आयुर्वेदमा जटिलभन्दा जटिल रोगको प्रभावकारी उपचार क्षमता विकास हुँदै गएको उनको भनाइ छ। खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग जनकपुरका प्रमुख विमल दाहालले स्वस्थ जीवनका लागि स्वच्छ र गुणस्तरीय खानपिन आवश्यक रहेको उल्लेख गर्दै कार्यालयले खाद्य स्वच्छताका साथै न्यूनगुणस्तरीय खाद्यान्न उत्पादन तथा बिक्रीवितरण रोक्न नियमित

# धरौटीमा छुटेका २५ करोडका मालिक पौडेलविरुद्ध सम्पत्ति शुद्धीकरण मुद्दा

काठमाडौं, १३ पुस। गत ४ चैतमा टेखाबाट बरामद २५ करोडभन्दा बढी रकमका मालिक नारायण पौडेलविरुद्ध सम्पत्ति शुद्धीकरणको मुद्दा दायर भएको छ। मालिक पौडेल र यसका भरिया तथा ट्रक चालक कुसाङ लामाविरुद्ध २५ करोड रुपैयाँ भन्दा बढीको मागदाबी गर्दै सम्पत्ति शुद्धीकरणको मुद्दा दायर भएको हो। उनीहरूविरुद्ध २५ करोड ३४ लाख ७८ हजार ८४२ रुपैयाँ बिगो मागदाबी गर्दै काठमाडौं जिल्ला अदालतमा सम्पत्ति शुद्धीकरणको मुद्दा दायर भएको छ। जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंका जिल्ला न्यायाधीवक्ता सन्तोषराज कटुवालले आइतबार काठमाडौं जिल्ला अदालतमा सम्पत्ति शुद्धीकरणको मुद्दा दायर गरेका हुन्।

४ चैतमा टेखाबाट २५ करोड रुपैयाँ भन्दा बढी बरामद हुँदा यसका मालिक पौडेल भने फरार भएका थिए। उनी पछि काठमाडौं जिल्ला अदालतमा उपस्थित भएर सुटुक्क रिहा भएका थिए।

सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका–४ का ३५ वर्षीय पौडेललाई काठमाडौं जिल्ला अदालतका न्यायाधीश कृष्णप्रसाल शर्माको ३२ असारको इजलासले ३५ लाख धरौटीमा रिहा गर्न आदेश दिएको थियो। त्यसपछि उनी धरौटी बुझाएर रिहा भएका थिए। लामो समयसम्म फरार भएका उनी सुटुक्क अदालतमा उपस्थित हुनु र धरौटीमा रिहा हुनुले संशय पैदा गरेको थियो। जबकि २५ करोडका भरिया कुसाङ लामालाई भने पुर्पक्षका लागि पठाएकाले उनी कारागारमा थिए। ३ वैशाखमा न्यायाधीश ठाकुरप्रसाद खरेलको इजलासले भरिया सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका–१ का लामालाई पुर्पक्षका लागि कारागार चलानको आदेश दिएको थियो।

४ चैतमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले टेखास्थित झोरबाट चीनको केरुङतर्फ जान लागेको ना७ख १६५२ नम्बरको ट्रकबाट उक्त रकमसहित चालक लामालाई पक्राउ गरेको थियो। लामा उक्त रकमको भरिया रहेको खुलेको थियो। पौडेलकै संलग्नतामा उक्त रकम ट्रकमा राखिएको सीसी क्यामेराको फुटेज समेत भेटिएको थियो। पौडेलले करिब साँझ साढे ६ बजेतिर उक्त रकम ट्रकमा राखेको फुटेजमा देखिएको थियो।

त्यतिबेला मालिकको भने पहिचान हुन सकेको थिएन। बरामद ५००, २००, १०० दरका जम्मा १३ लाख ७५ हजार १५० युरो र १०० र ५० दरका ३ लाख २० हजार ८५० डलर (तत्कालीन प्रचलित मूल्यअनुसार २५ करोड१९ लाख २४ हजार ९५० नेपाली रुपैयाँ), ट्रक र भरिया लामासहितलाई थप अनुसन्धान तथा कारबाहीका लागि राजस्व अनुसन्धान विभाग हरिहरभवन बुझाइएको थियो।

भरिया मात्रै पक्राउ गरेर मालिकलाई चोख्याएको, मालिक खोइ भन्दै यो विषयले संसद्सम्म चर्चा पाएको थियो। केही समयपछि विभागले यसका मालिक पनि पहिचान गरेको थियो। 'संसद्रुसम्म यसका मालिकबारे प्रश्न उठेको थियो। जसका कारण पनि मालिक पहिचान गर्न हामीलाई चुनौती थियो। तर सफल भयौं,' विभागका तत्कालीन महानिर्देशक चण्डीप्रसाद घिमिरेले भनेका थिए। विभागले २० चैतमा पत्रकार सम्मलेन गर्दै यो रकमका मालिक पौडेल रहेको बताएको थियो। तर त्यतिबेलासम्म पनि उनी फरार नै थिए। पक्राउ परेका भरिया लामा र फरार मालिक पौडेलविरुद्ध विदेशी विनिमय (नियमित गर्ने) ऐन २०१९ अन्तर्गतको कसुरमा २ वैशाखमा मुद्दा दायर गरिएको थियो।

उनीहरूविरुद्ध बरामद भएको रकम बराबरको बिगो र जरिवाना मागदाबी गर्नुका साथै ट्रकलाई कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐनअनुसार जफतका लागि मागदाबी गरिएको थियो। फरार रहेको करिब ४ महिनापछि सुटुक्क अदालत उपस्थित भएका पौडेल सुटुक्कै रिहा भएका थिए।

टेखा नगरपालिका–१० महादेवटार हाइटस्थित आ नै घरमा बसोबास गर्ने पौडेलकै मुख्य लगानी र योजनामा यो रकम चीन जान लागेको विभागको अनुसन्धानबाट खुलेको थियो। प्रहरीको प्रारम्भिक अनुसन्धानले काठमाडौंबाट युरो र अमेरिकी डलर चीन लगेर उताबाट सुन लिएर आउने गरको निष्कर्ष निकालेको थियो।

पौडेलले प्रयोग गर्ने मोबाइल र भरिया लामाको मोबाइलमा समेत सूचना आदानप्रदान भएको र फोन सम्पर्क भएकोसमेत भेटिएको थियो। प्रहरीले ११ बजे राति चालक कुसाङलाई पक्राउ गर्नुभन्दा केही समय पहिला मात्रै पौडेल र लामाबीच फोनमा कुराकानी भएको विवरण समेत भेटिएको थियो।

पौडेलकै संलग्नतामा उक्त रकम ट्रकमा राखिएको सीसी क्यामेराको फुटेज समेत भेटिएको थियो। पौडेलले करिब साँझ साढे ६ बजेतिर उक्त रकम ट्रकमा राखेको फुटेजमा देखिएको थियो। यतिसम्म कि, आर्थिक अवस्था एकदमै न्यून रहेका लामालाई यो ट्रक नै तस्करी गर्नका लागि पौडेलले किनिदिएको हुनसक्ने आशंका गरिएको थियो।

लामा यसअघि पनि १३ पुस २०७३ मा ७ किलो सुनसहित पक्राउ परेका थिए। यो प्रकरणमा उनी ५ वर्ष जेल बसेर २०७८ मा छुटेका थिए।


## बिमालेख हराएको सूचना

२०८१ मंसिर ७ गते घर देखि जे.एस.मुरारका क्याम्पस जाने क्रममा मेरो निम्न ब्यहोरा भएको **लाइफ इन्स्यारेन्स कर्पोरेशन नेपाल लिमिटेड**को बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा सम्बन्धी व्यक्तिलाई बुझाई दिन हुन अनुरोध छ ।

**नाम : उषादेवी साह**

**ठेगाना : लहान–२४, गोविन्दपुर (सिरहा)**

**बिमालेख नं. ६२०००२४३५**


*दाउरा बेचेर...*

आम्दानीले उनीहरुले खाद्यान्न, नुन, तेल र बालबालिकाको न्यूनतम खर्च टार्ने गरेका उहाँले बताउनुभयो। कोल्हवी र करैयामाइ क्षेत्रका अधिकांश दाउरा विक्रेता भूमिहीन, सुकुम्बासी तथा दैनिक ज्यालादारीमा निर्भर परिवारका सदस्यहरु रहेका छन्। जाडोमा दाउराको माग बढ्छ, यही बेला दाउरा बेचेर घरखर्च चलाउनु पर्छ, करैयामाइ गाउँपालिका –६ स्थानीय दाउरा विक्रेता बिगनप्रसाद तेलीले बताउनुभयो।

एक साइकल दाउराको भारी ल्याउन कम्तीमा दुई दिन लाग्छ, चिसोमा लामो दूरी साइकल चलाउँदा स्वास्थ्य जोखिम बढ्ने र वन गस्ती टोलीबाट साइकल, बन्चरो खोसिने समस्या रहेको उहाँले सुनाउनुभयो। सरोकारवालाले विपन्न समुदायका लागि जाडोमा राहत, वैकल्पिक रोजगारीका कार्यक्रम र सीपमूलक तालिम सञ्चालन गर्नुपर्ने आवश्यक देखिएको महागढीमाइ नगरपालिका –३ का रामबाबुप्रसाद जैसवालले बताउनुभयो। चिसो बढ्दै जाँदा दैनिकी झन् कठिन बन्दै गएको यस क्षेत्रका गरिब समुदायका लागि राज्यका सम्बन्धित निकाय तथा स्थानीय सरकारको सहकार्य र सहयोग अपरिहार्य देखिएको स्थानीयको भनाइ छ।

# मधेश प्रदेशको पर्यटन प्रवर्द्धनका लागि जनकपुरधाममा पर्यटन फोटो पत्रकारिता तालिम सुरु

जनकपुरधाम, १३ पुस। मधेश प्रदेशका पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धनलाई सशक्त बनाउने उद्देश्यले जनकपुरधाममा पर्यटन फोटो पत्रकारिता तालिम सुरु भएको छ। नेपाल पर्यटन बोर्ड (एनटीबी) र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) को सहकार्यमा सञ्चालित दिगो पर्यटन परियोजना ( एसटीपी) अन्तर्गत राष्ट्रिय फोटो पत्रकार समूह नेपाल (एनएफपीजे) र नेपाल पत्रकार महासंघ धनुषा शाखाको सहकार्यमा पुस १३ गते आइतबार देखि दुईदिने तालिम सुरु भएको हो।

क्यामेराको लेन्समार्फत मधेश प्रदेशका धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक गन्तव्यलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा चिनाउने उद्देश्यले तालिम आयोजना गरिएको एसटीपीका प्रबन्धक धर्मराज दवाडीले जानकारी दिए। उनले जनकपुरधाम केवल जानकी मन्दिर र धार्मिक गन्तव्यमा मात्र सीमित नभई मिथिला संस्कृति, कला, सभ्यता, ऐतिहासिक सम्पदा र समुदायका जीवनशैलीसँग जोडिएका असंख्य पर्यटन कथाहरू रहेको उल्लेख गरे। ती कथालाई प्रभावकारी दृश्य माध्यमबाट प्रस्तुत गर्न फोटो पत्रकारहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहेको उनको भनाइ थियो।

दवाडीले दिगो पर्यटन विकासमा मिडियाको भूमिका झनै निर्णायक बन्दै गइरहेकाले पर्यटनका सम्भावनालाई उजागर गर्दै स्थानीय गन्तव्यलाई विश्व बजारसम्म पुऱ्याउन यो तालिम उपयोगी हुने विश्वास व्यक्त गरे। राष्ट्रिय फोटो पत्रकार समूह नेपालका अध्यक्ष प्रदीपराज वन्तले फोटो पत्रकारितालाई पर्यटन प्रवर्द्धनको मेरुदण्डका रूपमा व्याख्या गर्दै सिकाइ निरन्तर प्रक्रिया भएको बताए। उनले जनकपुरधाम, धनुषा, महोत्तरी, सर्लाही, सिरहा वा सप्तरीका सांस्कृतिक, धार्मिक र प्राकृतिक कथाहरू क्यामेरामा उतार्दा ती तस्बिरहरूले मधेश प्रदेशलाई विश्व पर्यटन नक्सामा अझ मजबुत रूपमा स्थापित गर्ने धारणा राखे। उनका अनुसार यो तालिमले मधेश प्रदेशका ओझेलमा परेका गन्तव्य, संस्कृति र समुदायका कथालाई प्रभावकारी ढंगले प्रस्तुत गर्न सहयोग पुऱ्याउनेछ।

तालिममा नेपाल पर्यटन बोर्डका सञ्चार परामर्शदाता दिलिप प्रकाश कार्कीले पर्यटन पत्रकारिताको आधार, बोर्डको प्रवर्द्धन रणनीति, गन्तव्य ब्रान्डिङ र दृश्य कथाको प्रभावकारिताबारे प्रशिक्षण दिए। त्यस्तै, प्रशिक्षक सुनिल चुडामणि बज्राचार्यले फोटो पत्रकारिताको इतिहास, प्राविधिक पक्ष, फोटो फिचर र तस्बिर कथाको संरचनाबारे सहजीकरण गरेका छन्। तालिमको दोस्रो दिन सहभागीहरूलाई तस्बिर कथाको व्यवहारिक अभ्यास गराउँदै जनकपुरधाम र आसपासका पर्यटकीय तथा सांस्कृतिक स्थलहरूको फिल्ड भिजिट गराइने आयोजकले जनाएको छ। तालिममा मधेश प्रदेशका विभिन्न जिल्लाबाट आएका करिब ३० जना फोटो तथा पर्यटन पत्रकारको सहभागिता रहेको छ।

यस प्रशिक्षणले मधेश प्रदेशका नयाँ तथा स्थापित पर्यटकीय गन्तव्यहरूको दृश्य अभिलेखन, गन्तव्य ब्रान्डिङ र स्थानीय पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण टेवा पुग्ने तालिम संयोजक तथा एनएफपीजेका कोषाध्यक्ष प्रदीपराज श्रेष्ठले विश्वास व्यक्त गरे।

# वीरगञ्जको सीमा नाकाबाट १६३ जना किशोरीको उद्धार

वीरगञ्ज, १३ पुस। वीरगञ्ज नाकाबाट जोखिमपूर्ण अवस्थामा रहेका एक सय ६३ जना महिला तथा किशोरीको उद्धार गरिएको छ। माइती नेपालले सन् २०२५ मा सीमा क्षेत्रमा निगरानी गरेर जोखिमपूर्ण अवस्थामा रहेका महिला तथा बालबालिकाको उद्धार गरेको हो। माइती नेपाल वीरगञ्ज पर्साका पर्यवेक्षक गोमाकुमारी पौडेलले सीमावर्ती क्षेत्रबाट जोखिमपूर्ण अवस्थामा रहेका एक सय ३० जनालाई माइती नेपालको संरक्षण गृहमा राखिएको बताइन्। "बाँकी ३३ जना महिला तथा किशोरीलाई भने नेपाल प्रहरीमार्फत अभिभावकको जिम्मा लगाइएको थियो", उनले भनिन्।

माइती नेपालले सन् २०२४ मा सीमाक्षेत्रबाट एक सय ३५ जना महिला तथा किशोरीको उद्धार गरेको थियो भने सन् २०२३ मा भने एक सय ९२ जना महिला तथा किशोरीको उद्धार गरेको थियो। "जोखिमपूर्ण अवस्थामा उद्धार गरिएकामध्ये ४० जना किशोरी १८ वर्ष मुनिका रहेका छन्", पर्यवेक्षक पौडेलले भनिन्, "१९ वर्षमाथिको संख्या भने एक सय २३ जना रहेका छन्।" माइती नेपालले सन् २०२५ मा करिब २० हजार दुई सय ३१ सवारी साधनको जाँच गरेको थियो भने २२ हजार पाँच सय जनालाई मानव बेचबिखन विरुद्धको जनचेतनामूलक कार्यक्रम गरेको थियो।

### सुखीपुरमा प्रेम...

अनुसार घटना छानबिन भइरहेको छ भने दुवै पक्षका व्यक्ति घाइते भएको जानकारी दिएका छन्। डीएसपी पालले पीडितसँग प्रहरीले भेट गर्नु आवश्यक नभएको बताए। आरोपित रामकरण फरार रहेको र खोजी भइरहेको उनले स्पष्ट पारे।

# सप्तरी–२ मा यसपटक पनि आमनेसामने होलान् उपेन्द्र र सीके ?

जनकपुरधाम, १३ पुस। आगामी फागुन २१ गतेलाई तोकिएको प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा मधेसमा पनि राजनीतिक माहोल तातिन थालेको छ। सप्तरी क्षेत्र नम्बर २ यसपटक पनि मधेस केन्द्रित दलको राजनीतिक केन्द्र बन्ने देखिएको छ। किनकि यस क्षेत्रमा मधेसका प्रभावशाली दलका अध्यक्षहरू नै आमनेसामने हुने सम्भावना बढेको छ। २०७९ सालको निर्वाचनमा सप्तरी क्षेत्र नम्बर २ मा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका अध्यक्ष डा. सीके राउतबिच प्रतिस्पर्धा हुँदा राउतले बाजी मारेका थिए।

आगामी निर्वाचनका लागि नयाँ दर्ता भएका दलदेखि पुराना राजनीतिक दलसम्मले उम्मेदवार छनोट र सिफारिस प्रक्रिया तीव्र पारेका छन्। प्रतिनिधिसभाको प्रत्यक्ष तथा समानुपातिकतर्फका उम्मेदवार छनोटका लागि अधिकांश दलहरूले सप्तरीका चारै निर्वाचन क्षेत्रबाट नाम सिफारिस गरिसकेका छन्। राष्ट्रिय मुक्ति पार्टी नेपालले सप्तरी क्षेत्र नम्बर २ बाट पार्टी अध्यक्ष राजेन्द्र महतोसहित चार जनाको नाम सिफारिस गरिएको छ। महतोको नाम पहिलो नम्बरमा राखिएको छ भने महासचिव केशव झा, संविधानसभा सदस्य महेश यादव र रिणा झाको नाम क्रमशः दोस्रो, तेस्रो र चौथो स्थानमा सिफारिस गरिएको छ। पार्टीले क्षेत्र नम्बर ३ बाट पूर्व सांसद चन्द्रकान्त चौधरी र युवा नेता गजेन्द्र मण्डलको नाम सिफारिस गरेको छ। बाँकी दुई क्षेत्रमा उम्मेदवार छनोट तीन–चार दिनभित्र टुंग्याइने पार्टीका जिल्ला अध्यक्ष दीपेन्द्रकुमार चौधरीले जानकारी दिए।

गत प्रतिनिधिसभा निर्वाचनमा क्षेत्र नम्बर २ बाट जनमत पार्टीका अध्यक्ष डा. राउत जसपा नेपालका अध्यक्ष यादवलाई दोब्बरभन्दा बढी मतान्तरले पराजित गर्दै निर्वाचित भएका थिए। यसपटक पनि जनमत पार्टीले क्षेत्र नम्बर २ बाट डा. राउतको एकल नाम सिफारिस गरेको छ। जिल्ला इन्चार्ज रामगमन साहका अनुसार डा. राउतको नाम जिल्लाका चारै निर्वाचन क्षेत्रबाट सिफारिस भएपनि क्षेत्र नम्बर २ बाट भने एकल रूपमा सिफारिस गरिएको हो।

जसपा नेपालले पनि क्षेत्र नम्बर २ बाट पार्टी अध्यक्ष उपेन्द्र यादवको नाम एकल सिफारिस गरेको छ। जिल्ला अध्यक्ष केदार यादवका अनुसार शुक्रबार अबेर रातिसम्म चलेको क्षेत्रीय समितिको बैठकले यादवको नाम उम्मेदवारका लागि सिफारिस गरेको हो। अन्य निर्वाचन क्षेत्रको भेला पनि दुई–तीन दिनभित्र सम्पन्न हुने र त्यहाँबाट पनि यादवकै नाम उम्मेदवारका रूपमा सिफारिस हुने सम्भावना रहेको उनले बताए।

सप्तरी डा. सीके राउतको गृहजिल्ला हो भने उपेन्द्र यादव जन्मिएको जिल्ला हो। राजेन्द्र महतो भने सर्लाहीका हुन्। जिल्लास्तरबाट भएका सिफारिस अन्तिम रूपमा कायम भए यसपटक सप्तरी–२ मा तीन दलका अध्यक्षबिच त्रिपक्षीय प्रतिस्पर्धा हुने देखिएको छ। तर जनमत बाहेक अरू मधेस केन्द्रित दलले चुनावी तालमेल गर्ने निर्णय गरेका छन्। यस्तै नेपाली कांग्रेसले पनि सप्तरीका चारै निर्वाचन क्षेत्रबाट उम्मेदवार सिफारिस गरेको छ। क्षेत्र नम्बर १ बाट रामदेव साह, शत्रुधनप्रसाद यादव, दुर्गाप्रसाद भट्टराई, लक्ष्मीदेवी यादव र दीपककुमार गुप्ताको नाम सिफारिस गरिएको छ। क्षेत्र नम्बर २ बाट ध्रुव देव, डा. अनिल झा, रञ्जित कर्ण, रामकुमार यादव, शैलेन्द्र मण्डल, प्रवीण सिंह र अम्बुज सिंहको नाम सिफारिस भएको छ।

क्षेत्र नम्बर ३ बाट दिनेशकुमार यादव, शिवनारायण चौधरी, श्रीप्रसाद राउत र नवोदित चौधरी सिफारिस भएका छन् भने क्षेत्र नम्बर ४ बाट किरण भगत, तेजुलाल चौधरी, अशोक साह र सुरेन्द्र यादवको नाम सिफारिस गरिएको कांग्रेस सप्तरीका सचिव सनत मण्डलले जानकारी दिए। नेकपा एमालेले भने उम्मेदवार सिफारिस प्रक्रिया पुस २६ पछि मात्रै सुरु गर्ने जनाएको छ। नेकपा, रास्वपा, राप्रपा, आम जनता पार्टी, लोसपा नेपाल, उज्यालो नेपाल पार्टी, नेपाली जनता पार्टीलगायत दलहरूले पनि केही दिनभित्रै उम्मेदवार टुंगो लगाइने जनाएका छन्।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहकार**: कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट** : **मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यु यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)